# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

फोनः०५६-४१०१२२/४१०१११

इमेलःinfo@ichchhakamanan.gov.np


प.सं. २०८२/८३

च.नं.

मितिः २०८२/०५/०२

**वैदेशिक रोजगारीमा रहेका श्रमिकको परिवारलाई उपचार खर्च सहायता सम्बन्धी सूचना।**

प्रस्तुत विषयका सम्बन्धमा नेपाल सरकार बाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानुभएका र श्रम अवधि भित्र रहनु भएका व्यक्तिहरूको एकाघरका परिवारका सदस्यहरूलाई तपशिलका पाँच घातक रोग लागेमा वैदेशिक रोजगार बोर्ड सचिवालयले रु ५०,०००/- (पचास हजार)सम्म उपचार खर्च बापतको आर्थिक सहायता प्रदान गर्ने व्यवस्था वैदेशिक रोजगारी नियमावली २०६४ को नियम २६ को नियम (क) र (ख) मा व्यवस्था रहेकोले सो बमोजिम इच्छाकामना गाउँपालिका भित्रबाट वैदेशिक रोजगारीमा जानुभएका व्यक्तिका परिवारका सदस्यहरूले यस गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय कुरिनटार वा जिल्ला प्रशासन कार्यालय भरतपुरमा रहेको आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) मा सम्पर्क राख्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**उपचार खर्च पाइने रोगहरू :**

१) अल्जाइमर

२) पार्किन्सन्स

३) मुटु रोग

४) क्यान्सर

५) मृगौला फेल

**आवश्यक कागजातहरू र थप जानकारी को लागि :**

इच्छाकामना गाउँपालिका, रोजगार सेवा केन्द्र

रोजगार संयोजकः आकाश शेरचन (९८५५०५३६३३)

वा

आप्रवासी स्रोतकेन्द्र (सहायता कक्ष) :

जिल्ला प्रशासन कार्यलय, चितवन

जिल्ला कार्यक्रम संयोजक(सामी): सुर्य पौडेल (९८५५०४६६६९)

२०८२/०५/०२

..............................

(चन्द्रकान्त बस्नेत)

प्रमुख प्रशासकीय अधिकृत

“सुखी, खुशी र समृद्ध इच्छाकामना ! कृषि, पर्यटन र पूर्वाधार विकास हाम्रो चाहना !!”